## मोरङमा शक्ति प्रदर्शनको परिणाम

# ढकालका लागि बल्ल खुल्यो ओलीको ढोका

**उद्घोष सम्वाददाता**
**विराटनगर, १० चैत**

एमाले मोरङको दशौं अधिवेशनअघि नै अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेट्न चाहेका नेता विनोद ढकालको चाहना जिल्लामा शक्ति प्रदर्शन गरेपछि मात्रै पूरा भएको छ ।

मोरङमा संस्थापन पक्षको टिमलाई पाखा लगाउँदै आफ्नो टिम जिताएका ढकालसँग प्रधानमन्त्री ओलीले यसपटक भने भेट गरेका छन् । अधिवेशनअघि ओलीका स्वकीय सचिवले समेत फोन नउठाएर वेवास्ता गरेका ढकाललाई ओलीले किन भेटे ? 'राजनीतिमा शक्तिहीन भएपछि नेताहरूले महत्व नदिने रहेछन् ' ढकाल निकट मोरङका एक नेताले भने 'अहिले मोरङमा शक्ति देखाएपछि ढकाललाई नजिकै राखिरहन अध्यक्षको बाध्यता भयो ।'

ती नेताले भने जस्तै डेढ वर्षयता किनारामा पारिएका, प्रदेशको अध्यक्ष नै हारेका ढकाललाई अध्यक्ष ओलीले वेवास्ता गर्दै आएका थिए । ओलीको यो वेवास्ता लामो समय भने टिकेन । मोरङ अधिवेशनमा संस्थापन समूहलाई एक्लै हायलकायल पारेका ढकाललाई ओलीले मोरङको चुनावी नतिजालगत्तै भेट्न आउन खबर पठाएका थिए ।

यसरी शक्तिहीन हुँदा लामो समय परपरै पारिएका नेता ढकालका लागि उनले मोरङमा शक्ति प्रदर्शन गरेपछि मात्रै ओलीको ढोका खुला भएको छ । तीन दिनअघि काठमाडौंमा ओली र ढकालको भेट भएको छ । ढकाल निकट नेताहरूले दिएको जानकारीअनुसार भेटमा 'अहिलेसम्मका असहमतिहरू टुंग्याउने' प्रयास भएको छ ।

अध्यक्ष ओलीसँगको लामो समयपछिको भेटबारे हामीले ढकाललाई सोधेका थियौं 'कस्तो रह्यो भेट, के के भयो कुराकानी ?' जवाफमा उनले 'पार्टीकै विषयमा कुराकानी भएको' छोटो जवाफ दिए ।

अध्यक्ष र पार्टी कार्यकर्ताबीचको भेट नियमित भइरहने ढकालको दाबी छ । तर, उनले यस्तो दाबी गरे पनि ओली निवासको ढोका उनका लागि मोरङको पार्टी चुनावको नतिजाले मात्रै खुला गरिदिएको हो । ढकाल शक्तिमा हुँदा र नहुँदा ओलीले उनीप्रति गरेको व्यवहारको विगत केलाउँदा नै यो कुरा प्रष्ट हुने एमाले कार्यकर्ता बताउँछन् ।

ढकाल केही समयअघिसम्म ओलीका सबैभन्दा विश्वासपात्र थिए । पार्टीमा माधवकुमार नेपालहरूको हालीमुहाली हुँदा ओली पूर्वका धेरै जिल्लामा कमजोर थिए । त्यस्तो बेलामा पनि ढकाल एक्लैले ओली गुटको बिँडो पूर्वमा थामेका थिए । पार्टीभित्र कमजोर अवस्थामा रहेका ओलीलाई सबै हिसाबले साथ दिएका ढकाल ओली शक्तिशाली हुँदा भने उनीबाट टाढिएका थिए ।


ओलीसँग ढकाल । फायल फोटो

ओली र ढकालको सम्बन्धलाई नजिकैबाट नियाल्नेहरूका अनुसार २०७१ मा भएको एमालेको नवौं महाधिवेशनबाटै ओली ढकालसँग चिढिन थालिसकेका थिए । त्यो महाधिवेशनमा अध्यक्षमा ओली र त्यस बेलाका वरिष्ठ नेता माधवकुमार नेपाल भिड्दै थिए । महाधिवेशनमा केन्द्रीय सदस्य उठ्न चाहेका ढकाललाई ओलीले वैकल्पिक केन्द्रीय सदस्य बन्न भने । उनले त्यो प्रस्ताव अस्वीकार गरे । ओली टिमबाट उम्मेदवार बनेका राजेन्द्र गौतम र वैकल्पिक केन्द्रीय सदस्यको उम्मेदवार बनेका तेह्रथुमका किशोरचन्द्र दुलाललाई हराउन ढकालले भूमिका खेले । 'त्यस बेलासम्म ओलीले खास मान्छे ठान्ने विनोदजी त्यही बेलादेखि ओलीका लागि आँखाको कसिंगर जस्तो बन्नुभयो,' अहिले एकीकृत समाजवादीमा रहेका पूर्वएमाले नेता महेश रेग्मी भन्छन् 'भनेको नमान्ने भन्ने इगो ओलीमा अहिले त प्रशस्त छ, झन् त्यो बेला कति थियो होला ?'

एमाले नेताहरूका अनुसार ढकालले आफ्नो हठीपन ओलीका अघि प्रस्तुत गर्दै वैकल्पिक केन्द्रीय सदस्य बन्न इन्कार गरेपछि ओली चिढिएका थिए । त्यसबेला केन्द्रीय सदस्य हुन नपाएका ढकाल २०७२ सालको जिल्ला अधिवेशनमा फेरि अध्यक्षमा चुनाव लडे । त्यसअघि महेश रेग्मीसँग हारको बदला लिदै उनले रेग्मीलाई नै हराउँदै अध्यक्ष बने । उनी अध्यक्ष भएपछि ओलीसँगको सम्बन्ध थोरै सुध्रिएको एमाले नेताहरू बताउँछन् । ' एक वर्ष जति धेरै वास्ता नगरेका ओलीले जिल्ला अध्यक्ष भएपछि फेरि ढकाललाई खोज्न थाले', मोरङका एक नेताले भने, ' त्यसपछि २०७४ को स्थानीय चुनावमा ढकाल विराटनगर महानगरको मेयर उठ्न चाहे । ओलीले उनलाई नै टिकट दिए ।' तर महानगरको मेयर भने उनले जित्न सकेनन् ।

संघ र प्रदेशको चुनावमा एमाले र माओवादीले चुनावी सहकार्य गरे । त्यो सहकार्य पार्टी एकतामा रूपान्तरण भयो । एमाले र माओवादी मिलेर नेकपा (नेकपा) बन्यो, ढकाल एकीकृत पार्टीको केन्द्रीय सदस्य बनाइए । पछि २०७७ पुसमा ओलीले प्रधानमन्त्री छँदा प्रतिनिधिसभा विघटन गरे । विस्तारै संयुक्त नेकपा पनि अदालतमार्फत विघटन भयो । पुरानै स्वरूपको एमाले बनेपछि ढकालले प्रदेश सचिवको जिम्मेवारी पाए ।

सुवास नेम्वाङ इन्चार्ज, हालका सभामुख देवराज घिमिरे अध्यक्ष र ढकाल सचिव भए । केही समयपछि माधव नेपाल समूहका १० नेतासँग ओली समूहले १० बुँदे सहमति गरेर त्यसको सर्कुलर देशैभरी पठायो । त्यही १० बुँदे सहमति प्रदेशमा कार्यान्वयनमा लगेको भनेर ढकालसँग ओली फेरि चिढिए । '१० बुँदे सहमति कार्यान्वयन गर्नू भनेर ओली आफैले तलैसम्म पठाउनुभएको थियो । सुनसरी, तेह्रथुममा समस्या ठूलै थियो । तर प्रदेशमा हामीले कार्यान्वयनमा लैजाँदा उहाँ नै सबभन्दा धेरै रिसाउनुभयो', त्यस बेला प्रदेश कमिटीमै रहेका एक नेताले भने, 'ढकालजीको जोड केन्द्रको सर्कुलर कार्यान्वयन गरौं भन्ने थियो । अध्यक्ष देवराज नगरौं भन्नेमा हुनुहुन्थ्यो । त्यो रिपोर्टिङ अध्यक्षकहाँ पुगेपछि उहाँ ढकालसँग रिसाउनुभएको थियो ।'

ढकालमाथि ओलीको बक्रदृष्टि परेपछि उनले स्वभाविक पाउनुपर्ने प्रदेश अध्यक्ष पनि पाएनन् । जसका कारण देवराज घिमिरेले प्रदेश अध्यक्ष छोडेपछि तुलसी न्यौपाने अध्यक्ष भए । ओलीले प्रदेश अध्यक्ष बन्न चाहेका ढकाललाई रोकिदिए । चितवनको सौराहा महाधिवेशनमा ढकाललाई केन्द्रीय सदस्य त बनाए तर पोलिटब्युरो बनाएनन् । २०७९ सालको निर्वाचनमा ओलीले ढकाललाई मोरङ-४ मा टिकट दिन पनि आनाकानी गरेका थिए । तर मोरङ-४ मा चुनाव लड्न कोही तयार नभएपछि उनलाई नै टिकट दिन ओली बाध्य भएका थिए । उनी चुनावमा गठबन्धनबाट उम्मेदवार बनेका माओवादीका अमनलाल मोदीसँग पराजित भए ।

ओलीले ढकाललाई पर धकेल्ने क्रम यत्तिमै रोकिएन । २०८० असोजमा एमाले कोशीको पहिलो अधिवेशन हुने भयो । ढकालले प्रदेश अध्यक्ष बन्ने चाहना राखे । ओली र उनको टिमले घनश्याम खतिवडालाई साथ दियो । चितवन महाधिवेशनमा केन्द्रीय सदस्य बनेका उनले पोलिटब्युरो ताकेका थिए । तर ओलीले बनाएनन् । एमाले नेताहरूले दिएको जानकारीअनुसार प्रदेश अध्यक्ष स्वतः पोलिटब्युरो सरह हुने भन्ने भएपछि उनी केन्द्रीय सदस्य त्यागेर प्रदेश अध्यक्ष लड्न पुगेका थिए ।

केही मतान्तरले ढकालले घनश्याम खतिवडासँग चुनाव हारे । प्रदेश अध्यक्ष बनाउन रोक्ने ओलीसँग ढकालको दुरी थप बढ्यो । त्यस अघिसम्म ओलीलाई कोहीकोही बेला भेट्न जाने गरेका ढकाल त्यसपछि त झनै टाढिएका थिए ।

कुनै बेला ओलीलाई एयर-एम्बुलेन्सबाट उपचारका लागि भारत लैजाँदा होस् वा उनको उपचारको प्रबन्ध गर्दा, सबै जोहो गर्न ढकाल नै अग्रसर बनेको बताउनेहरू एमालेमा धेरै छन् । यति नजिकका ढकालसँग ओली लामो समय टाढिएका थिए । अहिले ढकालले मोरङमा शक्ति प्रदर्शन गरेपछि ओलीले फेरि उनलाई खोजेका छन् । ढकालसँग भेटघाटको श्रृङ्खला ओली आफैले सुरु गरेका छन् ।

# ज्ञान महायज्ञ सम्पन्न



विराटनगर(उस)/मैथिल ब्राह्मण महासभा नेपाल मोरङ जिल्ला समितिले आयोजना गरेको सप्ताहव्यापी श्रीमद्भागवत पुराण ज्ञान महायज्ञ आइतबार समापन भएको छ । मानव कल्याणका लागि आयोजित पुराण चैत ३ मा सुरू भएको थियो । शिक्षा, स्वास्थ्य र संस्कृति संरक्षणका लागि अक्षयकोष स्थापना गर्ने लक्ष्यसहित आयोजित ज्ञान महायज्ञमा वृन्दावन निवासी पं अभिषेक पाठकले कथा वाचन गरेका थिए ।

समापन कार्यक्रममा प्रदेश प्रमुख परशुराम खापुङ्ग उपस्थित थिए । सिटी प्यालेसको प्राङ्गणमा आयोजित कार्यक्रममा महासभाका केन्द्रीय अध्यक्ष भगवान झा, महासचिव इन्द्रदेव मिश्र, झापा अध्यक्ष अनिल झा, सप्तरी अध्यक्ष राघवेन्द्र झा लगायतको उपस्थिति थियो ।

# मिल्स गोल्डकपको उपाधि लेटाङलाई




विराटनगर(उस)/पाँचौं संस्करणको मिल्स गोल्डकप फुटबल प्रतियोगिताको उपाधि मोरङको लेटाङ फुटबल क्लबले जितेको छ ।

विराटनगरको जुट मिल खेल मैदानमा आइतबार भएको फाइनल खेलमा उदयपुरको फ्यूजन फुटबल क्लब गाईघाटलाई १-० गोलले हराउदै लेटाङले उपाधि जितेको हो । लेटाङलाई उपाधि दिलाउन पुजन चौधरी नायक भए । उनले खेल सुरू भएको ४५ औं मिनेटमा निर्णायक गोल गर्दै टिमलाई उपाधि दिलाउन सफल भए ।

उपाधिसागै लेटाङले नगद १ लाख १ हजार रूपैयाा हात पार्‍यो भने उपविजेता उदयपुरको फ्युजन फुटबल क्लबले नगद ५१ हजार रूपैयाा पाएको छ । मिल्स गोल्डकप प्रतियोगितामा लेटाङ पहिलो पटक सहभागी भएको हो ।

चैत ३ गतेबाट सुरू भएको प्रतियोगितामा भारतको एक टिमसहित कोशी प्रदेशका आठवटा टिमको सहभागिता रहेको थियो । प्रतियोगिताको विजेता हुने खेलाडीहरूलाई कोशी प्रदेश खेलकुद विकास बोर्डका सदस्य सचिव पर्शुराम बस्नेत, विराटनगर १६ का वडाअध्यक्ष उद्धव भुजेल, मिल्स गोल्डकप फुटब ट्रष्टका अध्यक्ष विष्णु डंगोलगायतले पुरस्कार वितरण गरेका थिए ।

# जुनियर जेसीजले गर्‍यो तालिम



विराटनगर (उस)/विराटनगर जुनियर जेसिजको आयोजनामा लोम अफिसर्स तालिम शनिबार सम्पन्न भएको छ । शाखाका नयाँ कार्यसमिति पदाधिकारी तथा सदस्यहरूलाई विराटनगर जेसीज तथा विराटनगर जुनियर जेसीजका भूतपूर्व अध्यक्ष संदीपदास श्रेष्ठले प्रशिक्षण दिएका थिए ।

तालिममा लोम अफिसरको भूमिका, संगठनात्मक संरचना, कार्ययोजना निर्माण तथा प्रभावकारी सञ्चार प्रविधि सम्बन्धी जानकारी प्रदान गरिएको थियो । कार्यक्रममा विराटनगर जेसिजका बोर्ड अफ ट्रष्टिका अध्यक्ष टीकाराज ढकाल र जुनियर जेसिज २०२५ की अध्यक्ष आयुषा खतिवडा, विराटनगर जुनियर जेसीज तथा विराटनगर जेसीजका भूतपूर्व अध्यक्ष उज्वल खरेल, विराटनगर जुनियर जेसीजका भूतपूर्व अध्यक्ष सनराइज चौधरी, जेसीजकर्मी पंकज सापकोटा लगायतको सहभागिता रहेको थियो ।

बालेन रफ्तार

जाँदा-बिहान
विराटनगरबाट ५:१५ बजे
फर्कदा-दिउँसो
कटारीबाट १२:४५ बजे
सम्पर्क: ९८१९३६३५३७
९८६२०३९५११
९८१३६०७१९७
विराटनगर, इटहरी, चतरा, रामपुर, बेल्टार, गाईघाट, नेपालटार हुँदै कटारी

ट्रेण्ड्ज क्याफे बिक्रीमा
कोशी अस्पतालको गेटै अगाडि राम्रो अवस्थामा सञ्चालन भइरहेको क्याफे बिक्रीमा छ। इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
अत्यन्त जरुरी परेकाले एक सातभित्र लिनेलाई विशेष छुट ।
सम्पर्क नं: ९८५२०२२७७१

## दरभाउ पत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/१२/११)

यस फाउण्डेसनले स्वास्थ्य सेवा संचालन गर्नका लागि केही मैडिकल उपकरणहरु (Physiotherapy Equipment) आवश्यक भएको हुँदा इच्छुक फर्म/कम्पनीहरुले मिति २०८१/१२/१७ गते भित्र तपसिल बमोजिमको उपकरणहरुको दरभाउ पत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.न. | स्वास्थ्य उपकरणको नाम | सि.न. | स्वास्थ्य उपकरणको नाम |
|---|---|---|---|
| 1 | Traction Unit | 11 | Z Trolley |
| 2 | 4 Channel Auto mode TENS | 12 | Hand Gripper |
| 3 | IFT Machine | 13 | Foam Roller |
| 4 | Muscle Stimulator Machine (MS) | 14 | Weight Cuff Set |
| 5 | Ultrasound Therapy (USG) | 15 | Dumb Bell Set |
| 6 | Hydrocollator Pack Machine | 16 | I.R. Lamp |
| 7 | Shoulder wheel | 17 | Theraband Set |
| 8 | T- Pulley | 18 | Ankle Exerciser |
| 9 | Finger Ladder | 19 | Static Cycle |
| 10 | Chest Vibrator/Thrive/Physio Gun/Massager | 20 | GYM Ball |

नोट :
१. Specification बमोजिमको सामाग्री खरिदको लागि ग्राह्य हुनेछ ।
२. खरिद सम्बन्धी सम्पूर्ण अधिकार कम्पनीमा निहित रहने छ ।

**जीवन विकास सामुदायिक अस्पताल तथा टेक्निकल एजुकेशन फाउण्डेसन**
**कटहरी-०२, मोरङ**
सम्पर्क नं. ९८०२७९८४०८, ९८०२७९६२१५
E-Mail: info@jbchospital.com

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१ साल चैत महिना ११ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय उर्लाबारीबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) कर्जा शिर्षक : लघुउद्यम कर्जा**

**ऋणीको विवरण**

नलिन्द्र बहादुर कार्कीको नाति धन बहादुर कार्कीको छोरा सुनसरी जिल्ला महेन्द्रनगर गा.वि.स. वडा नं. ३ हाल, मोरङ्ग जिल्ला उर्लावारी न.पा. वडा नं. ६ बस्ने **बिनोद कार्की** (ना.प्र.नं. : ०६-०१-७३-०९०२७ जारी मिति र जिल्ला : २०७३/०८/३०, सुनसरी)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) वंचाडी राजवंशीको छोरी धन बहादुर कार्कीको बुहारी बिनोद कार्कीको पत्नी मोरङ्ग जिल्ला गोविन्दपुर गा.वि.स. वडा नं. ८ हाल, उर्लावारी न.पा. वडा नं. ६ बस्ने **दिना सरी राजवंशी** (ना.प्र.नं. : २३९९८ जारी मिति र जिल्ला : २०६२/११/२३, मोरङ्ग)

२) टुकालाल राजवंशीको नाति वचाडी राजवंशीको छोरा झापा जिल्ला जुरोपानी वडा नं. ८ हाल, उर्लावारी न.पा. वडा नं. ६ बस्ने **टुमीलाल राजवंशी** (ना.प्र.नं. : ६४१४१६१८ जारी मिति र जिल्ला : २०६२/०२/१९, झापा)

**२) कर्जा शिर्षक लघुउद्यम कर्जा**

**ऋणीको विवरण**

जीवनाथ पोखरेलको नाति मनोरथ पोखरेलको छोरा मोरङ्ग जिल्ला टाँडी वडा नं. ९ हाल, मिक्लाजुङ्ग गा.पा. वडा नं. २ बस्ने **जीवन ज्योती पोखरेल** (ना.प्र.नं. : ८१११ जारी मिति र जिल्ला : २०५९/०५/२५, मोरङ्ग)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) तुलसी प्रसाद खतिवडाको छोरी मनोरथ पोखरेलको बुहारी जीवन ज्योती पोखरेलको पत्नी मोरङ्ग जिल्ला टाडी वडा नं. ९ हाल, मिक्लाजुङ्ग गा.पा. वडा नं. २ बस्ने **हिमा माया पोखरेल** (ना.प्र.नं. : ०५३०१७/५७६ जारी मिति र जिल्ला : २०६३/११/०५, मोरङ्ग)

२) कृष्ण निरौलाको नाति दिनेश प्रसाद निरौलाको छोरा मोरङ्ग जिल्ला टाँडी वडा नं. ९ हाल, मिक्लाजुङ्ग गा.पा. वडा नं. २ बस्ने **कुमार निरौला** (ना.प्र.नं. : ३०३४५ जारी मिति र जिल्ला : २०६३/०६/३०, मोरङ्ग)

**३) कर्जा शिर्षक : लघुउद्यम कर्जा**

**ऋणीको विवरण**

जय प्रकाश जिमीको नाति विरबल जिमीको छोरा संखुवासभा जिल्ला खराङ्ग वडा नं. ६ हाल, चयनपुर न.पा. वडा नं. ११ बस्ने **दिपेन्द्र जिमी** (ना.प्र.नं. : ७६४८/६६९ जारी मिति र जिल्ला : २०६६/१२/२३, संखुवासभा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) याम बहादुर बुढाथोकीको छोरी विरबल जिमीको बुहारी नन्द राज जिमीको पत्नी मोरङ्ग जिल्ला उर्लावारी वडा नं. २ हाल, वडा नं. ५ बस्ने **साइका जिमी** (ना.प्र.नं. : ०५२००६/२५१८० जारी मिति र जिल्ला : २०६९/११/३०, मोरङ्ग)

२) जय प्रकाश जिमीको नाति विरबल जिमीको छोरा संखुवासभा जिल्ला खराङ्ग वडा नं. ६ हाल, मोरङ्ग जिल्ला उर्लावारी न.पा. वडा नं. ५ बस्ने **नन्द राज जिमी** (ना.प्र.नं. : २३७/४०६४ जारी मिति र जिल्ला : २०५५/०१/३१, संखुवासभा)

**४) कर्जा शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

पदम बहादुर तामाङ्गको नाति बुद्धिमान तामाङ्गको छोरा झापा जिल्ला टाघनडुब्बा वडा नं. १ हाल, झापा गा.पा. वडा नं. ३ बस्ने **मदनकुमार तामाङ्ग** (ना.प्र.नं. : ०४१०३७/६९ जारी मिति र जिल्ला : २०६४/०९/०१, झापा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) मन ब. राईको छोरी प्रितीमान राईको बुहारी ध्वज मान राईको पत्नी भोजपुर जिल्ला सानोदुम्मा वडा नं. ९ हाल, शिवसताक्षी न.पा. वडा नं. ९ बस्ने **तुलशा राई** (ना.प्र.नं. : ०९३०४२/५६ जारी मिति र जिल्ला : २०६३/१०/१९, भोजपुर)

२) भक्त बहादुर राईको नाति तिलक राईको छोरा झापा जिल्ला टाघनडुब्बा गा.वि.स. वडा नं. १ हाल, झापा गा.पा. वडा नं. ३ बस्ने **सन्तोष राई** (ना.प्र.नं. : ०४-०१-६९-२९/१ जारी मिति र जिल्ला : २०६९/११/१६, झापा)

**५) कर्जा शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

जस विर लिम्वुको नाति राम कुमार लिम्वुको छोरा मोरङ्ग जिल्ला सिजुवा गा.वि.स. वडा नं. ३ हाल, रतुवामाई न.पा. वडा नं. ७ बस्ने **दिपक कुमार लिम्वु** (ना.प्र.नं. : ०५-०२-७१-०१७५४ जारी मिति र जिल्ला : २०७१/०९/०८, मोरङ्ग)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) दुर्गा प्रसाद आङदम्वेको छोरी राम कुमार लिम्वुको बुहारी दिपक कुमार लिम्वुको पत्नी मोरङ्ग जिल्ला सिजुवा गा.वि.स. वडा नं. ३ हाल, रतुवामाई न.पा. वडा नं. ७ बस्ने **संगिता लिम्वु** (ना.प्र.नं. :०५-०२-७२-०२२०६ जारी मिति र जिल्ला : २०७२/१०/२४, मोरङ्ग)

२) हर्क बहादुर खड्काको बुहारी बल बहादुर खड्काको पत्नी संखुवासभा जिल्ला आँखिभुइ वडा नं. ३ हाल, रतुवामाई न.पा. वडा नं. ७ बस्ने **भिम माँया खड्का** (ना.प्र.नं. : ३१३/४०६४१ जारी मिति र जिल्ला : २०४५/०१/२६, सं.स.)

**६) कर्जा शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

रत्न बहादुर राईको नाति कमल बहादुर राईको छोरा मोरङ्ग जिल्ला मधुमल्ला वडा नं. ४ हाल, मिक्लाजुङ्ग गा.पा. वडा नं. ६ बस्ने **एलिया राई** (ना.प्र.नं. : ०५२०४३/३२३२८ जारी मिति र जिल्ला : २०७०/१०/१३, मोरङ्ग)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) खडक बहादुर गुरुङको छोरी कमल बहादुर राईको बुहारी एलिया राईको पत्नी मोरङ्ग जिल्ला टाँडी वडा नं. ८ हाल, मिक्लाजुङ्ग गा.पा. वडा नं. ६ बस्ने **मिना गुरुङ्ग** (ना.प्र.नं. : ०५२०१७/३५४१० जारी मिति र जिल्ला : २०७१/०५/०८, मोरङ्ग)

२) बुद्धि बहादुर मगरको नाति कुल बहादुर मगरको छोरा झापा जिल्ला काँकरभीटा वडा नं. ८ हाल, मोरङ्ग जिल्ला मिक्लाजुङ्ग गा.पा. वडा नं. ६ बस्ने **राम प्रसाद मगर** (ना.प्र.नं. : ६६३८६१६९ जारी मिति र जिल्ला : २०५१/०२/०१, झापा)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

**सौगात प्रकाशन प्रा.लि.**द्वारा प्रकाशित तथा हंसबाहिनी प्रिन्टर्स एण्ड पब्लिकेशन प्रा.लि., विराटनगरद्वारा मुद्रित **कार्यालय** : विराटनगर-७, मेनरोड, **फोन नं.** : ०२१-४५०३०५, ५१५७२८, ५७८३०५ **इमेल** : udghosh@gmail.com,
प्रबन्ध सम्पादक : **विजय खतिवडा**, समाचार सम्पादक : **विक्रम निरौला**, सहसम्पादक : **कमल रिमाल**, फोटो सम्पादक : **संजीव खनाल**, व्यवस्थापक : **पूर्ण भुजेल**, प्रबन्ध निर्देशक : **बन्धु पोखरेल**, सम्पादक : **मोहन भण्डारी**